नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

☎ ५५२२०५६, ५५४४७२७
फ्याक्सः ५५४२९१५
वेबसाइटः www.dls.gov.np
इमेलः dg@dls.gov.np (DG)
infodls@dls.gov.np

पत्र संख्या :-

चलानी नं. :-

मितिः २०७९/११/०८

# सूचना

निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० बमोजिम निजामती सेवामा प्रवेश गरी हाल प्रदेश वा स्थानीय तहमा समायोजन भई कार्यरत रही निजी प्रयासमा सेवा समूहसँग सम्बन्धित विषयमा उच्च शिक्षा (स्नातक तह) अध्ययन गर्न ईच्छुक निजामती कर्मचारीहरुले यस विभाग मार्फत अध्ययन सम्बन्धी प्रक्रिया अघि बढाउन चाहेमा निज प्रदेश सरकार मातहत कार्यरत कर्मचारी भएमा सम्बन्धित प्रदेश मन्त्रालयको सहमति/स्वीकृति वा स्थानीय तहमा कार्यरत भए सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय र सोही बमोजिमको सहमति/स्वीकृति सहित अन्य तोकिएको कागजात संलग्न राखी निवेदन पेश गर्नु पर्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

.........................
चिरञ्जिवी गौतम
उपसचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

☎ ५५२२०५६, ५५४४७२७
फ्याक्स: ५५४२९१५
वेबसाइट: www.dls.gov.np
इमेल: dg@dls.gov.np (DG)
infodls@dls.gov.np

पत्र संख्या :-

चलानी नं. :-

मिति: २०७९/११/०८

# सूचना

यस पशु सेवा विभाग र कृषि तथा वन विज्ञान विश्वविद्यालयसँग भएको समझदारी (Memorandum of Understanding) बमोजिम विश्वविद्यालयले सञ्चालन गर्ने प्रवेश परीक्षामा उत्तिर्ण हुने मध्येबाट विभागको सिफारिस अनुसार निजामती सेवामा कार्यरत पशु सेवा तर्फका कर्मचारीहरुलाई बि.भि.एस्सी एण्ड ए.एच. अध्ययनका लागि प्रचलित नियम अन्तर्गतको कोटामा १ (एक) सिट अध्ययनको लागि उपलब्ध गराउने सहमति भए बमोजिम कृषि तथा वन विज्ञान विश्वविद्यालयले मिति २०७९/११/०६ गते सञ्चालन गरेको प्रवेश परिक्षामा उत्तीर्ण भई स्नातक अध्ययनका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेका इच्छुक कर्मचारीहरूलाई तपसिल अनुसारको ढाँचामा विवरण र कागजातहरू सहित सूचना प्रकाशन भएको मितिले ३ (तिन) दिन भित्रमा यस विभागमा (pcu@dls.gov.np) निवेदन पेश गर्नहुन अनुरोध छ। साथै तोकिएको म्यादभित्र तपसिलमा उल्लिखित कागजात सहितको निवेदन प्राप्त नभएमा सिफारिस सम्बन्धी प्रक्रियामा समावेश नगराईने व्यहोरा पनि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**तपसिल:**

| क्र.स. | कर्मचारीको नाम | कार्यालय | सुरू पदमा नियुक्ति | | | हालको पदमा नियुक्ति | | | कर्मचारी संकेत नम्बर | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मिति | श्रेणी | पद | मिति | श्रेणी | पद | | |
| | | | | | | | | | | |

**पेश गर्नुपर्ने कागजातहरू:**

१. निवेदन
२. नागरिकता
३. स्थायी नियुक्तिको पत्र
४. हालको पदमा नियुक्तिको पत्र
५. Updated PIS (PIS को विवरण अनुसार योग्यताक्रम निर्धारण हुने भएकोले आफूले कार्य गरेको निकाय PIS मा update गरी पेश गर्नहुन)
६. शैक्षिक योग्यता खुल्ने कागजातहरू
७. संघ, प्रदेश वा स्थानीय तहबाट प्रवेश परिक्षा दिनका लागि पूर्व स्वीकृति/सहमति
८. अध्ययन विदा र अध्ययन मनोनयनका लागि सम्बन्धित प्रदेश र स्थानीय तहको कार्यपालिकाको निर्णय एवम् निर्णयानुसारको सिफारिस पत्र।

.......................
चिरञ्जिवी गौतम
उपसचिव